# सहभागिता एवं प्रतिनिधित्वको दृष्टिकोणमा सामुदायिक वन उपभोक्ता महासंघ

■ नेत्र तिम्सिना, पि.एच.डि.

## १. परिचय

सन् १९९० मा नेपालको राजनैतिक व्यवस्थामा आएको परिवर्तनले ठूलो मात्रामा गैरसरकारी तथा नागरिक समाज संस्थाहरुको वृद्धि हुने वातावरण तयार भयो । नागरिक समाज भन्नाले नागरिकहरुको एउटा यस्तो मञ्च हो जहाँ साझा चासोको विषयलाई सबैले मिलेर अघि बढाइन्छ ।[३] यस्ता धेरै गैरसरकारी तथा नागरिक समाज संस्थाहरु सामुदायिक वन (सा.व.) प्रक्रियालाई प्रवर्द्धन गर्ने काममा संलग्न भएका छन् । सा.व. उपभोक्ता महासंघ यसको एक उदाहरण हो । यो संस्था धेरै छोटो अवधिमा नेपाल अधिराज्यका हजारौं वन उपभोक्ता समूहको प्रतिनिधिमूलक सशक्त नागरिक संस्थाको रुपमा विकसित भएको छ । नेपालमा वन उपभोक्ता समूहहरुलाई श्री ५ को सरकारको वन विभाग, सा.व.मा काम गर्दै आएका परियोजना तथा गैरसरकारी संस्थाहरुले सहयोग पुऱ्याउँदै आएका छन् । यी वन उपभोक्ता समूहहरु जिल्ला एवं क्षेत्रीय तहमा संगठित हुँदै राष्ट्रिय तहमा सा.व. उपभोक्ता महासंघ नेपालको जन्म भएको हो । महासंघमा वन उपभोक्ता समूह मात्र सदस्य हुने प्रावधान राखिएको छ । ६५ भन्दा वढी जिल्लाका वन उपभोक्ता समूहहरु ( अहिले सम्म गठन भएका उपभोक्ता समूहको ७० प्रतिशत) यस महासंघमा आवद्ध भएका छन् ।[४] यो संगठनको केन्द्रीय तह काठमाण्डौं देखि जिल्ला र रेञ्जपोष्ट तहसम्म कार्यालयको संरचनाहरु स्थापित भएका छन् । यसरी हेर्दा सा.व. उपभोक्ता महासंघ वन क्षेत्रको मात्र नभई नेपाल अधिराज्यको नै सबैभन्दा ठूलो नागरिक समाजसंस्थाको रुपमा विकसित भएको छ ।

> गरीब तथा पिछडिएका वर्गका मानिसहरुको चासोको कुरा अघि सार्ने वास्तविक नागरिक समाज हुनको लागि महासंघले सञ्चालन गरेका हालका कार्यक्रमहरु र ती कार्यक्रममा सबैको प्रतिनिधित्व हुने संरचनामाथि समीक्षा गर्ने बेला भएको छ । त्यसैले महासंघ भनेको हाम्रो संस्था हो भन्ने भावना गरीब तथा वनमा आश्रित मनिसहरुमा कसरी विकसित हुन्छ भन्ने कुरा चाहिं मुख्य सवाल हो ।

वन उपभोक्ता महासंघको नीति बारेको दस्तावेजमा उल्लेख भए अनुसार यसको प्रमुख उद्देश्य श्री ५ को सरकारको वन नीति अनुसार वनको व्यवस्थापन गर्ने काममा वन उपभोक्ताहरुको अधिकार र दायित्वबारे चेतना बढाउनु रहेको छ । यसैगरी यसको अर्को उद्देश्य सा.व. नीति कार्यान्वयन गराउन समर्थन जुटाउने तथा वन उपभोक्ताको पक्षमा जनवकालत गर्नु हो ।

यो लेखमा वन उपभोक्ता महासंघले स्थानीय तथा राष्ट्रिय तहमा आफ्नो चासोका कुरा कसरी राख्दै आएको छ भन्ने बारेमा प्रकाश पारी यसलाई संचालन गर्ने, संरचना तथा आर्थिक बन्दोवस्तको सन्दर्भ एवं सामान्य वन उपभोक्ताहरुको प्रभावकारी प्रतिनिधित्व गर्न सक्ने क्षमताको बारेमा विश्लेषण गरिएको छ ।

**२. सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल किन आवश्यक पर्‍यो ?**

वन विभागले तयार गरेका योजना तथा यसको प्रभावकारिता एवं कार्यान्वयनको गतिको वारेमा वन सम्बन्धी परियोजना र वन उपभोक्ता समूहमा आएको असन्तुष्टिको कारणले सा.व. उपभोक्ता महासंघको अवधारणा आएको हो ।[५]

सुरुसुरुमा वन उपभोक्ता समूहको गठन तथा वन हस्तान्तरण ज्यादै सुस्त गतिमा हुनेगर्थ्यो । यसबाहेक समूह गठन तथा वन हस्तान्तरणको काम माथिवाट लादिएको कामको रुपमा हुने भएकोले गाउँमा विद्यमान शक्ति संरचनालाई कायम राख्न वा अझ सुदृढ गर्न यसले बल पुऱ्याउँथ्यो । फलस्वरुप गरीब घरधुरीका सदस्यहरु, महिलाहरु तथा अवसरबाट वञ्चित अरु सदस्यहरुको सहभागिता सा.व. प्रक्रियामा सीमित मात्र हुनेगर्थ्यो । त्यसैले त्यस्तो परिपाटीमा परिवर्तन ल्याउन र त्यस्तो प्रवाहलाई रोक्न नागरिक समाजको एउटा संस्थाको रुपमा वन उपभोक्ता महासंघको स्थापना भएको हो । यसले आफूलाई आत्मनिर्भर, स्वायत्त र नेटवर्क संस्थाको रुपमा विकसित गर्दैलगेको छ ।

**३. सामुदायिक वन उपभोक्ता महासंघले आफ्नो चासोका कुराहरु कसरी अघि सारेको छ ?**

सा.व. उपभोक्ता महासंघले आफ्ना उद्देश्यहरु पूरागर्न यसका कार्यकारिणीहरुले राष्ट्रिय तथा स्थानीय दुवै तहमा विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्छन् । ती मध्ये प्रमुख कामहरु निम्न अनुसार छन् :

- नीतिहरुको कार्यान्वयनका लागि सरकारलाई दबाब दिने खालका जनवकालत सम्वन्धी अभियानहरु
- राजनैतिक नेताहरु एवं गैरसरकारी संस्थाहरुलाई प्रभाव पारी सामुदायिक वन कार्यक्रमको विरुद्धमा हुने क्रियाकलापहरुको विरोध गर्न जनसमर्थन जुटाउने
- आर्थिक स्रोत तथा अन्य सहयोगका लागि दातृराष्ट्रहरु तथा वन परियोजनाहरुसँग सम्पर्क गर्ने तथा उनीहरुसँग गठवन्धन गर्ने
- वन उपभोक्ता समूहहरुको नेटवर्किङ्ग गर्ने

**३.१. नीतिहरु कार्यान्वयन गराउन सरकारलाई दवाव दिन सञ्चालन गरिएको जनवकालत अभियान**

वन सम्बन्धी विद्यमान नीतिहरुको कार्यान्वयन व्यवहारमा लागू होस् भन्ने कुरा सामुदायिक वन उपभोक्ता महासंघले चाहेको छ । वनको नीतिले वन्यस्रोतमा उपभोक्ताहरुको अधिकार छ भन्ने कुरा स्पष्टसँग परिभाषित गरेको छ । त्यसैले महासंघले अरु गैरसरकारी संस्थाहरुसँग मिली नीतिगत अधिकार व्यवहारिक रुपमा लागू गराउन सरकारलाई दवाव दिने काम गर्दैआएको छ । यसको लागि स्थानीय स्तरमा वनस्रोत सम्बन्धी काम गर्ने परियोजनाहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहयोगमा महासंघले सरकारलाई दवाव दिन जनवकालत अभियान सञ्चालन गर्दै आएको छ । यसको साथै सरकारले उपभोक्ताको अधिकार कटौती गर्न खोजेको अवस्थामा त्यसो हुन नदिन उपभोक्ताहरुलाई कानुनी सहयोग पनि दिंदै आएको छ ।

**३.२. राजनीतिक नेताहरु र गैरसरकारी संस्थाहरुवाट समर्थन प्राप्त गर्ने**

सरकारले विगतमा वन उपभोक्ताहरुको अधिकार तथा दायित्वमा रोक लागाउनका लागि गरिएका प्रयत्नहरुको महासंघले विरोध गर्दै आएको छ । उदाहरणको लागि सरकारले वन ऐन संशोधन गर्ने योजना र वन उपभोक्ताहरुको अधिकार कटौती गर्ने प्रस्तावित निर्देशन तथा परिपत्रहरुको महासंघले विरोध गरेको सर्वविदितै छ । जिल्ला तहमा समेत वन ऐन तथा नियमावली अनुसार

उपभोक्ताहरुलाई वन हस्तान्तरण गरिनु पर्ने माग राखेर विशाल र्‍याली तथा आमसभाहरुको आयोजना गरेको थियो । त्यसैगरी संसदको प्राकृतिक स्रोत हेर्ने समितिहरुसँग पटक-पटक भेटघाट तथा बैठक आयोजना गरेर उक्त समितिबाट समेत समर्थन जुटाउने प्रयास गर्दै आएको छ ।

त्यसरी नै महासंघले प्रधानमन्त्री र वन तथा भू-संरक्षण मन्त्रीलाई सामुदायिक वनको कार्यान्वयन देशभरि नै सही किसिमले हुनु पर्ने माग राखेर पटक-पटक विरोध पत्र बुझाएको छ । यस्ता क्रियाकलापहरुमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुले समेत सहयोग पुर्‍याउँदै आएका छन् ।[६] यस्ता दबाबहरुको फलस्वरुप सरकारले वन ऐनको प्रस्तावित संशोधन स्थगित गर्ने तत्कालका लागि निर्णय गरेका उदाहरणहरु पनि छन् ।

**३.३. वन सम्वन्धी काम गर्ने परियोजनाहरुसँगको गठवन्धन**

सा.व. उपभोक्ता महासंघले वन सम्वन्धी काम गर्ने परियोजना र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग गठवन्धन बनाएर पनि काम गर्नेगर्छ । महासंघले विभिन्न दातृसंस्थाहरुबाट पाएको आर्थिक सहयोग संबन्धी संक्षिप्त विवरण देहायको तालिकाबाट प्रष्ट हुन्छ ।

***तालिका १: वि.सं.२०५६ मा महासंघलाई दातृसंस्थावाट प्राप्त भएको सहयोग***

| **दातृसंस्थाको नाम** | **प्राप्त रकम** | **प्रतिशत** |
|---|---|---|
| नेपाल/यू.के सामुदायिक वन परियोजना | ५,८५,२००।- | ८.४०% |
| नेपाल स्वीस सामुदायिक वन परियोजना | ११,८६,६००।- | १७.३०% |
| डानिडा | ११,२५,२००।- | १६.३१% |
| फोर्ड फाउन्डेसन | ३९,७९,९८९।- | ५७.८१% |
| एक्सन एड | ६,५००।- | ०.०९% |
| वाच | ६,५००।- | ०.०९% |
| कूल दातृ सहयोग | ६८,८४,१३९।- | १००% |

*स्रोत: फेकोफन २०५६*

माथि प्रस्तुत तालिकाबाट महासंघले सञ्चालन गर्ने क्रियाकलापहरु दातृसंस्थाको सहयोगमाथि निर्भर छन् भन्ने कुरा प्रमाणित हुन्छ । उदाहरणको लागि महासंघको आर्थिक वर्ष *२०५६* को वार्षिक वजेट करीव ६९ लाखको थियो जसमध्ये करीव ८५.५% रकम वाह्य दातृसंस्थाबाट प्राप्त भएको थियो । आफ्नै आन्तरिक स्रोतवाट प्राप्त हुने रकम भनेको सदस्यता शुल्क हो र यसवाट एकदमै थोरैमात्र प्राप्त हुन्छ । सदस्यता शुल्कबाट प्राप्त रकममध्ये पनि ६०% रकम जिल्ला तहका कार्यालयमा नै फिर्ता हुनुपर्ने र बाँकी ४०% रकम भने महासंघको अक्षयकोषमा जम्मा हुने प्रावधान रहेको छ । उपभोक्ता समूहले महासंघमा नयाँ सदस्यता प्राप्त गर्न रु. २३५ र सदस्यता नवीकरण गर्नका लागि प्रत्येक वर्ष रु. १०० तिर्नु पर्ने हुन्छ ।[७]

**३.४. नेटवर्किङ्ग तथा वन उपभोक्ता समूहहरुलाई सहयोग**

महासंघले वन उपभोक्ता समूहहरुको बीचमा अनुभवहरुको आदान-प्रदान एवं एक-अर्काबाट सिकाइ हासिल गर्न सहयोग पुर्‍याउनको लागि वन उपभोक्ता समूहको नेटवर्कहरुको स्थापना तथा तिनीहरुको विकास गर्ने उद्देश्य राखेको छ । यस बाहेक महासंघको वन उपभोक्ता समूहहरुको संस्थागत क्षमता बढाउने उद्देश्य पनि छ । महासंघको केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरुले रेन्जपोष्ट तथा जिल्ला तहका नेटवर्कहरु मार्फत नेटवर्किङ्ग प्रक्रियामा सहजीकरण गर्ने गर्छन् । यी सदस्यहरुले स्थानीय सहजकर्ता तथा उपभोक्ता समूहको नेतृत्वमा रहेका व्यक्तिहरु बिचको

नेटवर्किङ्गको महत्व तथा यस सम्बन्धी विषयमा सचेत बन्न सहयोग पुऱ्याउँछन् । महासंघले समूह गठन, वन कार्ययोजना निर्माण र हरहिसाबको रेकर्ड राख्ने जस्ता कुरामा पनि उपभोक्ता समूहलाई सहयोग गर्ने गर्छ । वि.सं.२०५७-२०५८ सम्ममा महासंघको राष्ट्रिय सचिवालयले जिल्ला तथा ग्रामीण तहसम्म विभिन्न प्रकारका लगभग २० वटा तालिमहरु सञ्चालन गरेको थियो । त्यस्ता तालिमहरुमा ४२० जना स्थानीय नेताहरु, उत्प्रेरकहरु र महिलाहरु सहभागी भएका थिए ।[८]

## ४. प्रतिनिधित्वको सवाल

महासंघका राष्ट्रिय सदस्यहरुले बराबर भन्ने गरेका उद्देश्यहरु मध्ये 'वन उपभोक्ता समूहलाई स्थानीय स्तरको वनमा कामगर्ने आत्मनिर्भर संस्थाको रुपमा विकसित गर्नु' मुख्य उद्देश्य हो तर यो उद्देश्य कमै मात्र पूरा भएको छ भन्ने कुरा उनीहरु आफू पनि स्वीकार गर्छन् । यसो हुनुमा दुइवटा कारणहरु छन् । एउटा कारण भनेको कतिपय वन उपभोक्ता समूहलाई रेञ्जपोष्ट, जिल्ला तथा केन्द्रसम्म महासंघ छ भन्ने कुरा नै थाहा नभएको अवस्था हो । यही कुरा एक अध्ययनमा पनि उल्लेख भएको छ ।[९] अर्को कारण भनेको महासंघको प्रायः सबै तहको समितिमा वन स्रोतमाथि बढी भरपर्ने तथा पिछडिएका वर्गको प्रतिनिधित्व नहुनु हो । वास्तवमा महासंघको कार्यकारीमा रहने सबैजसो सदस्यहरु समुदायका प्रभुत्व वर्गबाट आएका छन् । तलको तालिकाले उक्त कुरालाई प्रष्ट पार्छ ।

***तालिका २: महासंघको राष्ट्रिय तहमा वर्ग, जात एवं लिङ्गको हिसाबले भएको प्रतिनिधित्व (२०५८ अनुसार)***

| **सम्पत्ति अनुसारको वर्गको आधारमा ►** | | **धेरै धनी** | **मध्यम धनी** | **गरीब** | **जम्मा** |
|---|---|---|---|---|---|
| जात-जातिको आधारमा ▼ | लिङ्ग | | | | |
| ब्राम्हण, क्षेत्री, श्रेष्ठ | पुरुष | ७ | ७ | - | १३ |
| | महिला | ७ | ७ | - | १२ |
| अरु जात-जाति | पुरुष | - | - | - | - |
| | महिला | २ | - | - | २ |
| जम्मा | पुरुष | ७ | ७ | - | १२ |
| | महिला | १० | ७ | - | १४ |

नेपालको कूल जनसंख्यामध्ये पेशागत जात-जाति (दलित) को संख्या जम्मा २०% छ[१०] र यस वर्गका मानिसहरु देशभरि नै छरिएर बसोबास गर्छन् । यसो भए पनि सामुदायिक वन उपभोक्ता महासंघको केन्द्रीय कार्यकारिणी समितिमा उनीहरुको प्रतिनिधित्व यथेष्ट छैन ।

बहुसंख्यक वन उपभोक्ताहरु गरीब तथा पिछडिएका वर्गका मानिसहरु हुन्छन् भन्ने तथ्य अगाडि छँदा छदै पनि महासंघमा त्यस्ता वर्गका मानिसहरुको प्रतिनिधित्व नभएको कारणले महासंघभित्र र अन्य ठाउँमा पनि उनीहरुको आवाज उठाउने कुरामा ठूलो बाधा पुगेको छ । यद्यपि बर्तमान कार्यकारिणी समितिका सदस्यहरुले त्यस्तो वर्गका आवाजहरु उठाउने प्रयास गरेका छन् तापनि सामान्यतया समाजमा बिद्यमान ठूलो सानो भन्ने सोचाइमा आधारित सम्वन्धहरुका कारण महासंघ भित्रै पनि उनीहरुको चासोको बारेमा कुरा उठाइँदैन ।

महासंघले अघि बढाएको अभियानले ग्रामीण तहका वास्तविक वन उपभोक्ताहरुलाई पर्याप्त किसिमले समेट्न सकेको देखिंदैन । महासंघले आफूसँग आवद्ध उपभोक्ता समूहहरुलाई अझ बढी सशक्त ढंगले समेटेर आफ्नो आन्दोलनको बलियो आधार बनाउन सक्यो भने वन व्यवस्थापनको माध्यमबाट गरीब जनताहरुको जीविकोपार्जनका अवसरहरु प्राप्त हुने कुराहरु अझै स्पष्ट रुपमा देखिन सक्छन् । गरीब तथा पिछडिएका वर्गका मानिसहरुको चासोको कुरा अघिसार्ने वास्तविक नागरिक समाज हुनको लागि महासंघले सञ्चालन गरेका हालका कार्यक्रमहरु र  ती कार्यक्रममा सबैको प्रतिनिधित्व हुने संरचनामाथि समीक्षा गर्ने बेला भएको छ । त्यसैले महासंघ भनेको हाम्रो संस्था हो  भन्ने भावना गरीब तथा वनमा आश्रित मनिसहरुमा कसरी विकसित हुन्छ भन्ने कुरा अहिले मुख्य सवाल वनेको छ ।

माथिको छलफलबाट महासंघको सञ्चालन वा यसको सुशासन अर्को महत्वपूर्ण सवालको रुपमा आउँछ । महासंघको संस्थागत संरचनामा केन्द्रीय स्तरको कार्यालय काठमाण्डौंमा भई तल्लो तहमा जिल्ला तथा रेञ्जपोष्टसम्म बिस्तारित भएको अवस्थामा यसमा कति हदसम्म गरीब तथा पिछडिएका उपभोक्ताहरु संलग्न हुन्छन् भन्ने सवाल उठ्छ ।

हाल महासंघको आफ्नै स्रोत ज्यादै न्युन छ । महासंघले आफ्ना धेरैजसो क्रियाकलापहरु सञ्चालन गर्न वाह्य दातृसंस्थाहरुसँग भरपर्नु/पर्ने अवस्था छ । एउटा स्वतन्त्र संस्थाको रुपमा काम गर्नको लागि यसले आफ्नै स्रोत र क्षमताको सञ्चालन गर्नसक्ने हुन् भने अझै बाँकी नै छ । वाह्य दातृसंस्थाहरुसँगको निर्भरताले गर्दा स्थानीय तहका उपभोक्ताहरुसँग  बढी नजिक हुनका लागि सम्बन्ध गाढा बनाउन गरिनुपर्ने प्रयासहरु दातृ संस्थासँगको सम्बन्ध गाढा बनाउनेतर्फ मोडिएको छ । यस सन्दर्भमा महासंघका निवर्तमान अध्यक्षको भनाइ "हरेक उपभोक्ता समूहले १/१ टुक्रा काठ महासंघलाई दिने हो भने यसको कोषमा लाखौं रुपैयाँ जम्मा हुन सक्छ" यहाँ उद्धृत गर्नु सान्दर्भिक हुन्छ । जे भएपनि महासंघले कसरी वास्तविकरुपमा प्रत्येक समूहबाट सहयोग प्राप्त गर्न सक्छ भन्ने कुरा हेर्न अझै बाँकी नै छ । यो कुरा महासंघको योजनामा परेको हुनसक्छ तर यसका अधिकांश सदस्यहरु यसबारे सचेत भने छैनन् ।

**निष्कर्ष**

सामुदायिक वन उपभोक्ता महासंघ देशको सवै भन्दा व्यापक नागरिक समाजसंस्थाको रुपमा दरो किसिमले उभिएको हुनाले यसलाई नागरिक समाजको संरचनाभित्र राखेर हेर्नु पर्ने हुन्छ । त्यसैले यसका लक्ष्य र क्रियाकलापहरु पनि सोही अनुसार नै निर्देशित हुनुपर्छ । महासंघले वास्तविक रुपमा उपभोक्ताहरुका चाहनाहरुको प्रतिविम्वित हुनेगरी आफ्ना कार्यक्रमहरु गरेर तिनलाई अघि बढाएको छ कि छैन भन्ने बारेमा चिन्तन गर्नु महत्वपूर्ण कुरा हो ।

यस लेखमा प्रस्तुत गरिएका तथ्यहरु अनुसार राष्ट्रिय स्तरमा महासंघले पारेको प्रभाव निकै राम्रो देखिएको भए पनि स्थानीय, खास गरी गरीब र पिछडिएका उपभोक्ताहरुको तहमा यसको असर पुग्न सकेको छैन भन्ने निष्कर्ष निकाल्न सकिन्छ । अतः देश भरिका वनमा आश्रित गरीबहरुको चासोको विषयवस्तुहरुलाई समेटेर वास्तविक नागरिक समाजको रुपमा आफूलाई अघि बढाउने उपायहरु पत्ता लगाउने र त्यसै अनुसार आफ्ना क्रियाकलापहरु कार्यान्वयन गर्ने र तिनमा चिन्तन मनन गर्नुपर्ने बेला आएको छ । सवै भन्दा गरीब उपभोक्ताहरुले महासंघ हाम्रो हो भन्ने अनुभूति कसरी गर्न सक्छन् र अन्य उपभोक्ताहरुले कसरी उनीहरुलाई स्थान दिएर नागरिक समाजको अभियानलाई नयाँ दिशा दिन सक्छन्  भन्ने प्रमुख प्रश्न हो ।

(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहन्छ ।)